## प्रदेश नं. २ को नीति आयोगको गठन तथा कार्य सञ्चालनको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** प्रदेशको सर्वाङ्गीण एंव दीगो विकासको लागि प्रदेश विकासका नीति तथा योजनाको तर्जुमा, अनुगमन र मुल्याङ्कन गर्न नीति आयोगको गठन तथा कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. २ को प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम प्रारम्भ र विस्तार** : (१) यस ऐनको नाम "प्रदेश नीति आयोग गठन तथा कार्य सञ्चालन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो ऐन प्रदेश नं. २ भर लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले प्रदेश नीति आयोग सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले आयोगको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "कर्मचारी" भन्नाले आयोगमा कार्यरत नेपाल सरकार र प्रदेशका विभिन्न सेवाका कर्मचारी सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत आयोगले जारी गरेको निर्देशिका वा कार्यविधिमा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले प्रदेश नं. २ सम्झनु पर्छ।

(छ) "सचिवालय" भन्नाले आयोगको सचिवालय सम्झनु पर्छ।

प्रदेश सभा सचिवालय, प्रदेश नं. २

(ज) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले आयोगको उपाध्यक्ष एवं सदस्य-सचिवलाई समेत जनाउनेछ ।

३. **<u>आयोगको गठन:</u>** (१) प्रदेशको विकासको नीति तथा योजनाको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्न देहायबमोजिम प्रदेश नीति आयोगको गठन हुनेछ ।

(२) आयोगमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछन् :-

(क) मुख्य मन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारबाट नियुक्त एक जना - उपाध्यक्ष

(ग) प्रदेश सरकारबाट नियुक्त कम्तीमा एकजना महिला सहित बढीमा ६ जना - सदस्य

(घ प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्राल - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको नियुक्ति गर्दा विषयगत विज्ञता तथा मुस्लीम, दलित आदिवासी जनजाती र पिछडा वर्गलाई समावेशीकरणको सिद्धान्त बमोजिम समावेश गरिनेछ ।

(४) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमका उपाध्यक्ष र सदस्यले आयोगको पूर्णकालीन पदाधिकारीको रुपमा कार्य गर्नेछन् ।

४. **<u>योग्यता :</u>** देहायको योग्यता भएको व्यक्ति आयोगको उपाध्यक्ष वा दफा ३ को उप-दफा (२) को खण्ड (ग) बमोजिमको सदस्यमा नियुक्त हुन सक्नेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरी योजना तथा अनुसन्धानका क्षेत्रमा कम्तीमा ७ वर्ष काम गरेको,

प्रदेश सभा सचिवालय, प्रदेश नं. २

तर मुस्लीम, दलित, र थारुको हकमा स्नातक उपाधि हासिल गरी योजना तथा अनुसन्धानको क्षेत्रमा ७ वर्ष काम गरेको योग्यता मात्र आवश्यक हुनेछ,

(ग) उधोग, कृषि, पर्यटन, उर्जा, सडक, शिक्षा, सिँचाइ, वन, वातावरण, सामाजिक विकास, विकाश प्रशासन अर्थ वा स्वास्थ्य मध्ये कुनै एक क्षेत्रमा विज्ञयता हासिल गरेको,

(घ) बैंकको ऋण नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको ।

(ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको ।

५. **<u>आयोगको काम, कर्तव्य र अधिकार</u>** : (१) आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेश विकासको सम्भावना र अवसरलाई अध्ययन गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजनाको तर्जुमा, अनुगमन र मूल्यांकन गर्ने ।

(ख) प्रदेश नीति र योजनाको तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्नका लागि प्रदेश सरकारका संरचना र संयन्त्रसंग समन्वय र सहकार्य गर्ने ।

(ग) प्रदेशको समग्र आर्थिक एवं सामाजिक विकासका लागि विषय/क्षेत्रगत नीति तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(घ) संविधान बमोजिम राज्यको निर्देशक सिद्धान्त तथा नीतिको अधीनमा रही सामाजिक न्यायको दृष्टिकोणबाट प्रदेशका नागरिकलाई प्रदेशको समग्र विकास प्रक्रिया र त्यसको प्रतिफलमा पहुँच अभिवृद्धि गराउने गरी योजना तथा नीति तर्जुमा गर्ने,

(ङ) आर्थिक, समाजिक विकासका समग्र पक्षको वारेमा प्रदेशको तथ्याङ्क संकलन तथा प्रशोधन, अध्ययन, अनुसन्धान गरी वा गराई संप्रेषण गर्ने गराउने,

प्रदेश सभा सचिवालय, प्रदेश नं. २

(च) आर्थिक विकासको लागि आवश्यक पर्ने स्रोत र साधनको आँकलन तथा परिचालन गर्ने,

(छ) प्रदेशको समग्र विकासको लागि अवलम्बन गर्नुपर्ने नीतिको सम्बन्धमा प्रदेश सरकारलाई सुझाब दिने,

(ज) प्रदेशको सन्तुलित विकासका लागि प्रदेशको नीति र रणनीति तर्जूमा गर्ने,

(झ) प्रदेशको गरिवी निवारणको रणनीति तर्जुमा गरी निश्चित अवधि भित्र प्रदेशको आर्थिक उन्नतिका अवसर सिर्जना गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ञ) विभिन्न विकास आयोजनाको कार्यान्वयन र प्रतिफलको समीक्षा गर्ने,

(ट) आवधिक योजनाअनुरुप वार्षिक विकास कार्यक्रम, लक्ष्य तथा प्राथमिकता निर्धारण गर्ने,

(ठ) आर्थिक मामिला तथा योजना मन्त्रालयसँग समन्वय गरी वार्षिक विकास कार्यक्रमका लागि बजेट सीमा निर्धारण गर्ने,

(ड) प्रदेश मन्त्रालय, सचिवालय, विभाग तथा निकायहरुले तयार गरेका योजनाको स्वीकृतिको लागि सहमति दिने र क्षेत्रगत नीति तर्जुमा गर्न सहयोग पुऱ्याई कार्यान्वयनको लागि सुझाव तथा निर्देशन दिने,

(ढ) विभिन्न निकायबाट पेश भएको विकास आयोजनाको प्रस्तावको मूल्याङ्कन गरी आवश्यकता अनुसार स्वीकृत गर्ने,

(ण) स्वीकृत कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,

(त) प्राकृतिक स्रोतको दिगो तथा कुशल व्यवस्थापनको आवश्यक नीति तथा योजना बनाउने,

(थ) प्रदेशको लागि आवश्यक मानव संसाधन विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तर्जुमा गर्ने,

प्रदेश सभा सचिवालय, प्रदेश नं. २

(द) प्रदेशको प्राथमिकता आयोजनाको पहिचान गरी निर्धारण गर्ने ।

६. **<u>आयोगको बैठकः</u>** (१) आयोगको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले आयोगको वैठक बोलाउनेछ ।

(३) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ ।

(४) आयोगमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) आयोगको बैठकमा बहुमतको निर्णय आयोगको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

(६) आयोगको बैठकको निर्णय आयोगका सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) आयोगको बैठकमा सम्बन्धित पदाधिकारी तथा विशेषज्ञलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **<u>आयोगको नियमित बैठकः</u>** (१) आयोगको नियमित कार्य सञ्चालनको रेखदेख, नियन्त्रण, सुपरिवेक्षण एवं मूल्यांकनको लागि आयोगको नियमित बैठक आयोगको कार्यकक्षमा हप्ताको कम्तीमा एकपटक बस्नेछ ।

(२) आयोगको नियमित बैठक उपाध्यक्षको निर्देशनमा आयोगको सदस्य-सचिवले बोलाउनेछ ।

(३) आयोगको नियमित बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्षको पनि



प्रदेश सभा सचिवालय, प्रदेश नं. २

अनुपस्थिति रहेमा आयोगका वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) आयोगको नियमित वैठकमा यस ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको उपस्थिति अनिवार्य हुने छैन ।

(५) आयोगको नियमित वैठक सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

८. **<u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार</u>**: (१) उपाध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगसँग सम्बन्धित काम समन्वयात्मक ढंगले सञ्चालन गर्ने, गराउने,

(ख) प्रदेशको समग्र आर्थिक स्थिति, चालु योजना र प्रादेशिक प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको स्थितिका बारेमा समय समयमा मुख्य मन्त्रीलाई जानकारी गराउने,

(ग) आयोगको नियमित बैठकको मिति, स्थान र छलफलको विषय स्वीकृत गर्ने,

(घ) आयोगले सम्पादन गर्नु पर्ने काम कारवाही बारे सदस्यको जिम्मेवारी तोक्ने,

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

(२) आयोगको नियमित काम कारबाहीहरु उपाध्यक्षको निर्देशन अनुरुप सञ्चालन हुनेछन् ।

९. **<u>सदस्यको काम, कर्तव्य र अधिकार</u>** : सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित योजना तथा कार्यक्रममा आयोगको तर्फबाट राय दिने प्रयोजनको लागि आायोगमा पेश गर्ने,



प्रदेश सभा सचिवालय, प्रदेश नं. २

(ख) सरकारको नीति र कार्यक्रम अन्तरगत रही आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित बार्षिक कार्यक्रम स्वीकृति दिने,

(ग) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित क्षेत्रगत नीति, आयोजना तथा कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मुल्यांकन गर्ने,

(घ) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित आयोजनाको वार्षिक प्रगति प्रतिवेदन तयार गरी उपाध्यक्ष समक्ष पेश गर्ने,

(ङ) उपाध्यक्षले तोके बमोजिमका अन्य काम गर्ने ।

१०. **प्रदेशको नीति तथा कार्यक्रमको स्वीकृति:** आयोगले तयार गरेको बार्षिक नीति तथा कार्यक्रम प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रलाय मार्फत मन्त्रिपरिषद्मा छलफलका लागि लगिनेछ र मन्त्रीपरिषद्को स्वीकृति पश्चात्त प्रदेश सभामा पेश गरिनेछ ।

११. **मन्त्रालयगत नीति योजना स्वीकृत गराउनु पर्ने** : (१) प्रदेश सरकारबाट विनियोजन हुने रकम, संघीय सरकार वा वैदेशिक सहायताबाट सञ्चालन हुने नीति र योजना आयोगको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत स्वीकृतीको लागि मन्त्रिपरिषद्मा पेश गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका योजनाको तर्जुमा तथा स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. **अनुगमन र मूल्यांकनको आधार र प्रकृया** : आयोगले तर्जुमा गरेको वा स्वीकृत गरेको नीति र योजनाको अनुगमन तथा मूल्यांकन गर्ने आधार र प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

१३. **समन्वय कायम गर्नु पर्ने** : (१) आयोगले नीति र योजनाको तर्जुमा, अनुगमन, मूल्यांकन गर्दा र त्यसको रणनीति तय गर्दा सम्बन्धित मन्त्रालय वा सचिवालयसँग समन्वय गर्नेछ ।

(२) आयोगले योजनाको तर्जुमा, अनुगमन र मूल्यांकन गर्दा स्थानीय निकाय सम्वद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तथा निजी संघ संस्थाहरुसँग आवश्यक समन्वय गर्न सक्नेछ ।

१४. **पालना गर्नु पर्ने**: आयोगले योजनाको तर्जुमा, अनुगमन र मूल्यांकनको लागि निर्धारण गरेको नीति, रणनीति तथा निर्देशनहरु योजना कार्यान्वयन गर्ने सम्वद्ध सबै निकायहरुले पालना गर्नु पर्नेछ ।

१५. **पदावधि**: (१) उपाध्यक्ष तथा दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिम नियुक्त सदस्यको पदावधि सामान्यतः पाँच वर्षको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको पदावधि बाँकी रहेकै अवस्थामा आयोगका कुनै सदस्यको पद रिक्त रहन गएमा त्यसरी रिक्त रहन गएको स्थानमा बाँकी अवधिको लागि यस ऐनको अधीनमा रही प्रदेश सरकारले अर्को सदस्य नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले उपाध्यक्ष तथा सदस्यहरुलाई हटाउन सक्नेछ ।

१६. **पद रिक्त हुने अवस्था** : देहायको अवस्थामा उपाध्यक्ष तथा सदस्यको पद रिक्त हुनेछः-

(क) निजको पदावधि पूरा भएमा,

(ख) निजले प्रदेश सरकार समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ग) दफा १५ को उपदफा (३) बमोजिम प्रदेश सरकारले हटाएमा,

(घ) निजमा दफा ४ बमोजिमको योग्यता कायम नरहेमा, वा

(ङ) निजको मृत्यु भएमा ।

प्रदेश सभा सचिवालय, प्रदेश नं. २

१७. **उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधाः** (१) उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक, दैनिक तथा भ्रमण भत्ता, सवारी सुविधा तथा अन्य सुविधा प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **पूर्व स्वीकृति लिनु पर्नेः** (१) उपाध्यक्ष तथा सदस्यले निजी कामको सिलसिलामा विदेश भ्रमणमा जानु पर्दा प्रदेश सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) सदस्यले आयोगको कामको सिलसिलामा नेपालभित्र भ्रमण गर्नु परेमा उपाध्यक्षको स्वीकृति लिनु पर्नेछ ।

१९. **आयोगको सचिवालयः** (१) आयोगको आर्थिक तथा दैनिक प्रशासनिक काम कारवाहीको लागि आयोगको एक सचिवालय रहनेछ ।

(२) सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगले सम्पादन गर्ने काम कारबाहीमा आयोगलाई सहयोग पुऱ्याउने,

(ख) आयोगको बैठकको लागि प्रस्ताव तयार गर्ने,

(ग) आयोगको निर्णय कार्यान्वयन गर्ने,

(घ) आयोगको सचिवालयको काम गर्ने,

(ङ) तोकिए बमोजिमको अन्य काम गर्ने ।

२०. **सचिवः** (१) आयोगको सचिवालयको सचिवको काम आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव वा निजले तोकेको कम्तिमा उपसचिव स्तरको कर्मचारीले गर्नेछ ।

(२) प्रचलित कानुन बमोजिमको काम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सचिवलायको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने,

प्रदेश सभा सचिवालय, प्रदेश नं. २

(ख) सचिवालयको प्रशासकीय काम कारवाहीलाई व्यवस्थित गर्ने, गराउने,

(ग) प्रचलित कानून बमोजिम विभागीय प्रमुखको हैसियतले गर्नु पर्ने काम गर्ने,

(घ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

२१. **कर्मचारी तथा बजेट सम्वन्धी व्यवस्था**: (१) आयोगमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) आयोगको लागि आवश्यक पर्ने कर्मचारीहरु प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

(३) आयोगले आवश्यक सम्झेका क्षेत्रमा अवधि किटान गरी विज्ञ व्यक्तिको सेवा लिन सक्नेछ ।

(४) आयोगको लागि आवश्यक बजेट प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

२२. **अधिकार प्रत्यायोजन**: आयोगले यस आदेश बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष, सदस्य वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. **प्रदेश सरकारसँग सम्पर्क**: आयोगले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ ।

२४. **प्रतिवेदन पेश गर्ने**: (१) आयोगले वर्ष भरीमा आफूले सम्पादन गरेका मुख्य मुख्य काम कारबाहीहरु, स्वीकृत गरेको योजना तथा कार्यक्रम र सो अनुसार प्रदेश स्तरका निकायबाट भएका काम तथा प्राप्त उपलब्धि समेत समावेश भएको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश सरकार समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले पेश गरेको प्रतिवेदन प्रदेश सरकारले प्रदेश सभामा पठाउनेछ ।

प्रदेश सभा सचिवालय, प्रदेश नं. २

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन आयोगले सार्वजनिक गर्नेछ ।

२५. **<u>निर्देशिका र कार्यविधि बनाउन सक्ने</u>** : यस ऐनको उद्देश्य पूर्तिको लागि आयोगले आवश्यक निर्देशिका र कार्यविधि बनाई लागू गर्नसक्नेछ ।

२६. **<u>बचाउः</u>** (१) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नीति आयोग यसै ऐन बमोजिम गठन भएको मानिनेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नीति आयोगमा बहाल रहेका उपाध्यक्ष तथा सदस्य यसै ऐन बमोजिम नियुक्त भएको मानिनेछ ।

(३) यो ऐन जारी हुँदाका वखत कायम रहेका आयोगका सदस्यहरु दफा १५ को उपदफा (१) वमोजिमको अवधिसम्म आफ्नो पदमा वहाल रहनेछन ।

तर यस व्यवस्थाले दफा १५ को उपदफा (२) वमोजिम प्रदेश सरकारले हेरफेर गर्न कुनै रोक लगाएको मानिने छैन ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नीति आयोगले सम्पादन गरेका काम कारवाही यसै ऐन बमोजिम सम्पादन भए गरेको मानिनेछ ।

प्रदेश सभा सचिवालय, प्रदेश नं. २